मितिः २०८२।०९।२०

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
नेफ्स्कून

विषयः **नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को सुर्खेत सदस्य सेवा कार्यालयमा भएको घटनाका सम्बन्धमा संघ व्यवस्थापनको माग**

२०८२ पौष १८ गते शुक्रवार नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) को सुर्खेत सदस्य सेवा कार्यालयमा भएको घटनाका सम्बन्धमा संघको व्यवस्थापनको गम्भिर ध्यानाकर्षण भएको छ । संघका सञ्चालक समिति सदस्य विर वहादुर रावत (भोटे) द्वारा सुर्खेत सेवा कार्यालयमा कार्यरत कर्मचारीहरु मदन कुमार चन्द र पुष्पराज तिमिल्सेनालाई गरेको दुर्व्यवहार र कुटपिटका सम्बन्धमा देहाय बमोजिमका मागहरु पेश गर्दछौं ।

(१) संघका सञ्चालक समिति सदस्य विर वहादुर रावत (भोटे) द्वारा नेफ्स्कून सुर्खेत सेवा कार्यालयमा कार्यरत कर्मचारीहरु मदन कुमार चन्द र पुष्पराज तिमिल्सेना माथि कार्यस्थलमा भएको सांघातिक हमलाका कारण संघमा कार्यरत सम्पूर्ण कर्मचारीहरु असुरक्षित भएकाले उक्त घटनाको विधिसम्मत छिनोफानो नभएसम्मका लागि निज सञ्चालक विर वहादुर रावत (भोटे)लाई तत्कालै निलम्बन गरि बर्खास्त गरियोस्,

(२) उक्त हमलाका कारण कर्मचारीद्वय मदन कुमार चन्द र पुष्पराज तिमिल्सेनाका साथै सम्पूर्ण कर्मचारीहरुको सुरक्षा संवेदनशिलतालाई ध्यान दिई सबैको जिउधनको सुरक्षाको उचित व्यवस्थापन गर्न माग गर्दछौं,

(३) संघमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले निर्वाध रुपमा कार्य गर्न पाउनुपर्ने विधिको पुर्ण पालनाका लागि समिति तथा उपसमितिको सम्पूर्ण प्रकारका कार्यकारी भूमिकालाई पुर्ण रुपमा हटाई संघको विनियम तथा कार्यविधिमा उल्लेख भएका कार्य तथा जिम्मेवारी वाहेक अन्य कुनै पनि प्रशासनिक कार्यमा हस्तक्षेप नगर्न माग गर्दछौं,

Scanned with CamScanner

CS Scanned with CamScanner

(४) संघका सम्पूर्ण कार्यालयहरुमा रहेको सबै उपसमितिको कार्यकक्षहरु तत्कालै हटाउन जोडदार माग गर्दछौं ,

(५) संघको छविमा व्यापक सुधार गर्नुपर्ने अवस्थामा नेतृत्ववाट भएको यस्ता अमर्यादित हर्कतवाट संघको छविमा नकारात्मक प्रभाव परेको अवस्थामा समिति तथा उपसमितिमा रहेका कुनै पनि व्यक्ति वा उक्त व्यक्ति संलग्न रहेको सहकारी संस्था कारवाहीमा परेको वा कालोसुचीमा परेको वा कानुनी कारवाहीमा परेको सुचना, जानकारी तथा तथ्य प्रमाणका आधारमा उक्त संस्थाका प्रतिनिधिलाई कानुन वमोजिम तत्काल निलम्वन गरी वर्खास्त गर्न माग गर्दछौं ,

(६) सुर्खेत घटनाका कारण सम्पूर्ण कर्मचारीहरुको मनोवलमा नकारात्मक प्रभाव परेको सन्दर्भमा यस घटनाको छिनोफानो नभएसम्मका लागि संघका सबै कार्यालयहरुवाट प्रवाह गरिने सम्पूर्ण सेवाहरु पुर्ण रुपमा वन्द गरिने जानकारी गराउन चाहन्छौं । साथै उपरोक्त मागहरु सम्वोधन नभएमा चरणवद्ध थप आन्दोलनको समेत घोषणा गर्दछौं ।

उपरोक्त मागका कारण संघका सेवा प्रवाहमा अवरोध हुन गई सदस्य संघसंस्थामा पर्न जाने असुविधा प्रति व्यवस्थापन क्षमाप्रार्थी छौं ।

नेफ्स्कूनमा कार्यरत सम्पूर्ण कर्मचारीहरु

Scanned with CamScanner

CS Scanned with CamScanner